नेपाल सरकार

अर्थ मन्त्रालय

नेपाल स्टक एक्स्चेञ्ज लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिको लागि सिफारिस गर्न गठित छनौट तथा सिफारिस समितिको पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०८३/४/१२)

नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदमा खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन (मिति २०८३/४/२६) भित्र** कार्यालय समयमा अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौंमा आवेदन दिनु हुन र आवेदनसाथ गोप्य खामबन्दी व्यावसायिक कार्ययोजना समेत पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **<u>आवश्यक योग्यता तथा अनुभव</u>** :

(क) अर्थशास्त्र, वाणिज्यशास्त्र, वित्तशास्त्र, व्यवस्थापन, सूचना प्रविधि वा वाणिज्य वा कानून विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातकोत्तर वा चार्टर्ड एकाउण्टेन्सी वा सो सरहको उपाधी हासिल गरी पूँजी बजार वा वित्तीय क्षेत्र वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा सात वर्ष व्यवस्थापकीय तहमा काम गरेको अनुभव सहित कम्तीमा पन्ध्र बर्षको कार्य अनुभव भएको नेपाली नागरिक,

द्रष्टव्यः- यस प्रयोजनको लागि व्यवस्थापकीय तह भन्नाले नेपाल सरकारको अधिकृतस्तरको कम्तीमा द्वितिय श्रेणी वा सो सरह वा कम्पनी वा संगठित सँस्थाको हकमा कार्यकारी प्रमुख वा सो को दुई तह मातहत सम्मको व्यवस्थापकीय नेतृत्वमा रहेको व्यक्ति सम्झनुपर्दछ।

(ख) नेपाल स्टक एक्स्चेन्ज लिमिटेड (नेप्से) को प्रमुख कार्यकारी अधिकृतको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३ को दफा (२.२) र दफा (२.३) बमोजिम अयोग्य नभएको।

(ग) अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) को दफा ३ को खण्ड (ग) बमोजिम तीस वर्ष उमेर पूरा भई पैंसट्ठी वर्ष उमेर ननाघेको,

(घ) अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) को दफा ४ ले तोके बमोजिम देहायको अयोग्यता नरहेकोः-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(घ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) कार्यकारी प्रमुखका हकमा सार्वजनिक निकायको कुनै ठेक्का पट्टा सम्झौता गरी काम गरिरहेको,

(च) मानसिक सन्तुलन ठीक नभएको ।

२. **आवेदन पेश गर्ने प्रक्रिया तथा संलग्न गर्नुपर्ने कागजात** :

(अ) आवेदनसाथ अर्थ मन्त्रालयको वेवसाइट **www.mof.gov.np** र नेपाल स्टक एक्स्चेञ्ज लिमिटेडको वेवसाइट **www.nepalstock.com** मा प्रकाशित "नेपाल स्टक एक्स्चेन्ज लिमिटेड (नेप्से) को प्रमुख कार्यकारी अधिकृतको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३" को दफा ३ बमोजिमका कागजात तथा विवरणहरू र ऐ. कार्यविधिको अनुसूची १ बमोजिमको स्वघोषणा फाराम आवेदक स्वयमले प्रमाणित गरी र २ (दुई) प्रति पासपोर्ट साइजको फोटो समेत संलग्न राखी पेश गर्नु पर्नेछ।

(आ) आवेदनसाथ नेपाल स्टक एक्स्चेन्ज लिमिटेड (नेप्से) को प्रमुख कार्यकारी अधिकृतको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३ को दफा ४ बमोजिमको व्यावसायिक कार्ययोजना ३ (तीन) प्रति खामबन्दी गरी पेश गर्नु पर्नेछ। खामबन्दी प्रस्तावको खाम बाहिर आवेदकको नाम र **"नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदको लागि आवेदन तथा व्यावसायिक कार्ययोजना"** उल्लेख गरी दस्तखत गरेको हुनु पर्नेछ ।

३. **दस्तुर** :

दरखास्त दस्तुर बापत अर्थ मन्त्रालयको कार्यालय कोड नं. ३०५००३५०१, राजस्व खाताः १०००१००२०००१०००० तथा राजस्व शीर्षकः १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय बाणिज्य बैंक, सिंहदरवार शाखामा रू. ५,०००।- (अक्षरेपी पाँच हजार मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

४. **पारिश्रमिक**

प्रमुख कार्यकारी अधिकृतले पाउने मासिक पारिश्रमिक, भत्ता तथा अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

५. **अन्य विवरणः**

(अ) आवेदन तथा सिफारिस प्रक्रिया सम्बन्धी विस्तृत विवरण अर्थ मन्त्रालयको वेवसाइट www.mof.gov.np र नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको वेवसाइट www.nepalstock.com

मा प्रकाशित "नेपाल स्टक एक्स्चेन्ज लिमिटेड (नेप्से) को प्रमुख कार्यकारी अधिकृतको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३" मा उपलब्ध रहेको छ।

(आ) यो सूचना बमोजिम प्राप्त भएका आवेदनलाई सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ।

(इ) कुनै आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेमा त्यस्तो आवेदन रद्द हुनुका साथै प्रचलित कानून कानून बमोजिम कारवाही हुनेछ।

(ई) यसः सम्बन्धी थप जानकारीका लागि अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार वा टेलिफोन नं **०१-४२११३८३** मा सम्पर्क गर्न सकिनेछ।